annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १७४ पृष्ठ ८ | काठमाडौं, शनिबार १० कात्तिक २०८१ | कार्तिक कृष्णपक्ष नवमी नेपाल संवत् ११४४ | SATURDAY, OCTOBER 26, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# दुखाइ के हो, डेंगु संक्रमितलाई सोध्नू

डेंगु लाग्यो कि, दुःखाइको कुनै सीमा हुँदैन । तर, यसलाई निको पार्ने ठ्याक्कै औषधि पनि छैन । यसबाट संक्रमितहरू आफूखुसी अनेक खालका औषधि सेवन गर्ने गर्छन् । त्यसो गर्दा शारीरिक रूपमा अनेक जटिलता आउने गरेको चिकित्सकहरू बताउँछन् । लक्षणका आधारमा उपचार हुने भएकाले चिकित्सकको सिफारिसमा मात्र औषधि सेवन गर्नुपर्ने उनीहरूको सुझाव छ । मंसिर मसान्तसम्मै डेंगुको जोखिम रहेकाले सतर्कता अपनाउन विज्ञहरूको सुझाव छ ।




### डेंगुका बिरामीले के खाने ? के नखाने ?

| खान हुने | खान नहुने |
|---|---|
| पारासिटामोल | एन्टिबायोटिक, पेनकिलर |
| जाउलो, दाल, चनाको झोल | मासुजन्य र चिल्लो पदार्थ |
| फलफूल, सागसब्जी | मसलेदार खाना |
| जीवनजल, नरिवल पानी, कागती पानी | चिसो पेयपदार्थ, जंक फुड, चिया, कफी |

प्रभावित जिल्ला ७६

कुल संक्रमित २२,०८२

मृत्यु भएका ११ जना

ग्राफिक्स : रामकृष्ण राना
स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

समाचार पृष्ठ २

दिनेश गौतम | काठमाडौं
– को रिपोर्ट

सत्तासीन दलको साझा दृष्टिकोण

## भिड जम्मा गरेर अनुसन्धान प्रभावित गर्ने कार्य अस्वीकार्य



सुरेन्द्र काफ्ले | काठमाडौं

सत्तासीन सात दलले सडकमा भिड जम्मा गरेर अनुसन्धान प्रभावित गर्ने कार्य अस्वीकार्य हुने बताएका छन्। पछिल्ला दिनमा अनुसन्धान र अभियोजनको प्रक्रियालाई नै प्रभावित गर्ने उद्देश्यले गतिविधि सुरु भएको उनीहरूको आरोप छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार बसेको सत्तासीन दलको बैठकले भिड जम्मा गरेर अनुसन्धानको प्रक्रियालाई प्रभावित गर्ने र न्यायालयमाथि दबाब दिने गतिविधिहरू लोकतन्त्र र विधिको शासनविपरीत हुने ठहर गरेको छ। उनीहरूले सातबुँदे साझा दृष्टिकोण सार्वजनिक गरेका छन्।

प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली, कांग्रेस सभापति शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका सहअध्यक्ष रेणु यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादव, महन्त ठाकुर, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले सातबुँदेमा हस्ताक्षर गरेका छन्। सडकबाट सरकारको विकल्प खोज्ने गतिविधिप्रति उनीहरूले गम्भीर असहमति जनाएका छन्। सहकारीसम्बन्धी संसदीय छानबिन समितिका सबै सुझाव र निर्देशन सरकारले कार्यान्वयन गर्ने उनीहरूको निर्णय छ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले तयार पारेको सर्वसम्मत प्रतिवेदनका आधारमा अनुसन्धान र कारबाहीको प्रक्रिया सुरु भएको छ। सहकारी ठगीमा संलग्नताको आरोपमा रास्वपा सभापति रवि लामिछाने, छविलाल जोशीलगायतलाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको छ। सत्तारूढ दलका साझा दृष्टिकोणमा निर्दोष कोही नफसुन् र दोषी कोही नउम्किऊन् भन्ने कुराको सुनिश्चितताको लागि अनुसन्धान, अभियोजन र न्याय निरूपणको प्रक्रियाका लागि सबै पक्षको सकारात्मक सहयोगको आवश्यकता पर्ने पनि उल्लेख छ।

**लोकतन्त्रको विकल्प अझ उन्नत लोकतन्त्र**

सात दलले समस्याको समाधान लोकतान्त्रिक विधि र प्रक्रियाबाटै खोज्न सुझाव दिएका छन्। साझा दृष्टिकोणमा भनिएको छ, 'पाँच दशक लामो राजनीतिक आन्दोलनबाट जनता सार्वभौमसत्ता सम्पन्न भएको र नेपाली जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो संविधान आफैं बनाएर कार्यान्वयन गरिरहेको अवस्थामा उत्पन्न समस्याको समाधान लोकतान्त्रिक विधि र प्रक्रियाबाट खोज्न सकिन्छ र खोज्नु पर्दछ भन्ने मान्यतामा हामी दृढ छौं।'

राजनीतिक स्थायित्वको आधार तयार गर्नका लागि सहमतिका आधारमा संवैधानिक, कानुनी र संरचनागत सुधारमा जोड दिँदै आएको उनीहरूको तर्क छ।

» बाँकी पृष्ठ ६

## लेक लागेर ३ जनाको मृत्यु

सुन्दरकुमार थकाली | जोमसोम

मुस्ताङमा लेक लागेर तीन दिनको बीचमा दुई विदेशी नागरिकसहित तीन जना पर्यटकको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार मुक्तिनाथ दर्शन गर्न आएका एक जना अमेरिकन, एक भारतीय र एक जना नेपाली पर्यटक गरी तीन जनाको लेक लागेर मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका डीएसपी सूर्यबहादुर बोगटीले मुक्तिनाथ दर्शन गर्न आएका दुई विदेशी र एक नेपालीको लेक लागेर मृत्यु भएको जानकारी दिए। गोरखा नगरपालिका–६ स्थायी वतन भई काठमाडौं नागार्जुन नगरपालिका–१ बस्ने ७० वर्षीय कुलनारायण जोशीको लेक लागेर मृत्यु भएको हो।

मुस्ताङ भ्रमणका लागि साथीहरूसँगै आएका जोशी घरपभोङ–४ जोमसोमस्थित होटल मेसोकोन्दोमा बास बसेका थिए। राति टाउको दुखेपछि जोशी होटलको डाइनिङ हलमा ढलेका थिए। त्यसपछि उनलाई होटलका स्टाफ र प्रहरीको सहयोगमा मुस्ताङ अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए। बिहीबार मुक्तिनाथ दर्शन गरी फर्किएका २२ जनाको समूह थासाङ गाउँपालिका–२ होलिडे क्याम्पमा बास बसेको थियो। जसमध्ये अमेरिकन नागरिक ६३ वर्षीय मिलो गोल्डसेजर (पासपोर्ट नं. ए ४७०६४९५९ नाम गरेका पर्यटकको लेक लागेर मुस्ताङ अस्पताल पुऱ्याउँदा मृत्यु भएको डीएसपी बोगटीले जानकारी दिए।

» बाँकी पृष्ठ ६

## बाल फुटबल खेलाडीका पीडित परिवारद्वारा आयोगको माग

**काठमाडौं** (अन्नपूर्ण) : बाढीपहिरोमा परी निधन भएका मकवानपुरको सिस्नेरीस्थित वत्सलादेवी माध्यमिक विद्यालयका बाल फुटबल खेलाडीका पीडित परिवारले घटनाको छानबिनका लागि उच्चस्तरीय आयोग गठनको माग गरेका छन्। पीडित परिवारका सदस्यले शुक्रबार प्रधानमन्त्री केपी ओलीसँग भेट गरेर आयोगको माग गरेका हुन्।

अखिल नेपाल फुटबल संघ (एन्फा) द्वारा सञ्चालित सो विद्यालयको होस्टेलका ६ जना बालबालिकाको असोज १२ गते ज्यान गएको थियो। पीडित परिवारले अघिल्लो दिनदेखि नै वर्षा आइरहेको र कुलेखानी ड्याम खोल्ने सूचना भएको अवस्थामा बच्चाहरूलाई विद्यालयबाट सुरक्षित स्थानमा सार्नु पर्नेमा लापर्बाही भएकाले निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका हुन्। पीडित परिवारले मृतक बालबालिकाका नाममा अक्षय कोष स्थापना गरी खेल क्षेत्रको प्रवर्द्धन गर्न पनि आग्रह गरेका छन्।

